हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ३४३ | बुटवल | २०८२ पौष ०८ गते, मंगलबार | नेपाल संवत ११४६ | Tuesday December 23, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## ओली र लेखकलाई बयानमा डाक्ने तयारी




बुटवल । जेनजी आन्दोलनका क्रममा २३ भदौको दमन र २४ भदौको आगजनीबारे जाँचबुझ गर्न गठन भएको आयोगले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखकलाई बयानका लागि डाक्ने तयारी गरेको छ।

केही सुरक्षा अधिकारी र निजामती कर्मचारीहरूको बाँकी रहेको बयान सकेपछि आयोगले ओली र लेखकलाई बयानका लागि पत्र पठाउनेछ। आयोगले कम्तीमा पनि एक साताको समय दिने गरी पत्र पठाउने तयारी गरेको हो।

आयोगले अहिले काठमाडौंका तत्कालीन प्रमुख जिल्ला अधिकारी छविराज रिजालको बयान गरिरहेको छ भने अहिलेका आइजीपी एंव तत्कालीन एआइजी दानबहादुर कार्कीको बयानको केही भाग बाँकी छ। एक/दुई दिनमा बयान सकेपछि आयोगले पत्रको तयारी गर्नेछ।

आयोगले आफ्नै कर्मचारी वा सुरक्षाकर्मीहरू परिचालन गरेर उनीहरूकोमा म्याद तामेल गर्नेछ। गृहमन्त्री रमेश लेखकले पूर्वसूचना भए आफू कुनै पनि दिन आएर आयोगमा आफ्नो भनाइ राख्न तयार रहेको मौखिक सन्देश आयोगका एक सदस्यलाई पठाइरहेका छन्। आयोगसम्बद्ध स्रोतका अनुसार 'लेखकको बयानको हकमा कुनै पनि खास समस्या देखिएको छैन।'

पूर्वप्रधानमन्त्री केपी ओलीको बयानबारे भने आयोगका अध्यक्ष र सदस्यहरूबिच नियमित रूपमा छलफल चलिरहेको छ। कसरी म्याद तामेल गर्ने र ओली बयानमा नआएमा के गर्ने भन्नेबारेमा विभिन्न विकल्पबारे छलफल भए पनि आयोगका पदाधिकारीहरू कुनै निष्कर्षमा पुगेका छैनन्।

आयोगकै कर्मचारी वा प्रहरी परिचालन गरेर ओलीको घरमा म्याद तामेल गर्नेसम्मको तयारी छ। त्यहाँ पुगेका कर्मचारीहरूबाट ओलीले पत्र बुझ्न मानेमा भर्पाइ गराउने तयारी छ भने पत्र नै बुझ्न नमानेमा घरको भित्तामा पत्र टाँसेर म्याद तामेल गर्ने वा सञ्चारमाध्यमबाटै सूचना निकाल्ने भन्नेबारे छलफल चलिरहेको छ।

आयोगका पदाधिकारीहरूले बयान एवं संकलित तथ्यका आधारमा प्रधानमन्त्री र गृहमन्त्रीलाई सोध्ने प्रश्नहरूको खाका पनि तयार गरिरहेका छन्।

## राजसंस्था र हिन्दू अधिराज्यबारे जनमत संग्रहः सरकार

बुटवल । दुर्गा प्रसाईंलाई ५ बुँदे पत्र पठाउँदै सरकारले पहिलो पटक राजसंस्था र हिन्दू अधिराज्यबारे जनमत संग्रह 'तत्काल सम्बोधन गर्नुपर्ने' एजेन्डा भनेको छ।

नागरिक बचाउ महाअभियानका संयोजक प्रसाईंलाई प्रधानमन्त्री सुशीला कार्कीका मुख्य सल्लाहकार अजयभद्र खनाल नेतृत्वको उच्चस्तरीय समितिले पठाएको पत्रमा माग पूरा गर्न सरकार प्रतिबद्ध रहेको जनाएको छ। प्रसाईं नेतृत्वको नागरिक बचाउ महाअभियानले राखेका २७ बुँदे मागमा सरकारले पाँच बुँदे जवाफ पठाएको हो।

'महाअभियानले राखेका अन्य विविध मुद्दाहरूका सम्बन्धमा यस अवधिमा घनीभूत छलफल भएको छ। वार्ता र संवादकै माध्यमबाट समस्याको दीर्घकालीन समाधान खोज्न सरकार प्रतिबद्ध छ।'-पत्रमा भनिएको छ।

यससँगै प्रसाईंले राखेका माग पूरा गर्न थप अध्ययन गर्न आवश्यक भएको पनि उल्लेख गरिएको छ। पत्रमा भनिएको छ-'प्रस्तुत मागहरूमध्ये कतिपय नीतिगत, कानुनी र संवैधानिक जटिलतासँग जोडिएकाले सम्बन्धित मन्त्रालयहरू र अन्य सरोकारवाला पक्षहरूसँग व्यापक परामर्श एवं विस्तृत प्राविधिक अध्ययन गर्न थप समय आवश्यक देखिएको छ।'

## बालेनसँग भदौ २३ र २४ को घटनाबारे सोधपुछ



बुटवल। राष्ट्रिय मानवअधिकार आयोगले भदौ २३ र २४ गतेको घटना बारेमा काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहसँग सोधपुछ गरेको छ।

आयोगले तोकेको अनुसन्धान अधिकृतको टोलीले जेनजी आन्दोलनका बेला मेयर शाहले सामाजिक सञ्जालमा दिएको लेखेको अभिव्यक्ति र अरु घटनाक्रमबारे सोधेको हो।

राष्ट्रिय मानवअधिकार आयोगका प्रवक्ता टिकाराम पोखरेलले आयोगले भदौ २३ र २४ गतेको घटनाबारे अनुसन्धान गरिरहेको र त्यसक्रममा कतिपय व्यक्तिहरुलाई बोलाएर सोधपुछ गरिएको बताए।

उनले सोमबारकै बयान र व्यक्तिको बारेमा भने आफूलाई यकिन नभएको प्रतिक्रिया दिए।

### चुनावबारे सर्वपक्षीय छलफल :

# कांग्रेससहितका दल चुनावको पक्षमा

**नेकपा (एमाले) ले आगामी फागुन २१ गते निर्वाचन हुन्छ भन्ने विश्वसनीय आधार सरकारले दिन नसकेको बताएको छ।**




**लुम्बिनी संवाददाता**
*बुटवल*

प्रधानमन्त्री सुशीला कार्कीले निर्वाचनलाई कुनै संकटको घडीको रुपमा लिन नहुने बताएकी छिन्। सोमबार सिंहदरबारमा आयोजना गरिएको सर्वपक्षीय बैठकलाई सम्बोधन गर्ने क्रममा उनले निर्वाचनलाई परिवर्तनको मार्गको रुपमा बुझ्न आग्रह गरिन्।

'निर्वाचन भनेको हाम्रो लागि कुनै संकटको घडी होइन, खुशीको घडी हो। परिवर्तनको मार्ग हो। आजसम्म नेपालमा केही परिवर्तन आएका छन् भने निर्वाचनले नै हो।'- उनले भनिन्। साथै, उनले अहिलेको चुनौतीको रुपमा युवा वर्गलाई फ्रन्टमा ल्याउनुपर्ने बताइन्। 'अचानक यो परिस्थिति आयो। भदौ २३ र २४ गते सोंचसमचभन्दा बाहिरको घटना जे घट्यो। जुन हामी परिकल्पना समेत गरेका थिएनौं। सिंगो राष्ट्रले एउटा परिवर्तनको महसुस गऱ्यो,' प्रधानमन्त्री कार्कीले भनिन्-'अहिलेको चुनौती भनेको युवा वर्गलाई कसरी फ्रन्ट रोमा ल्याउने, उनीहरूको नेतृत्वमा मुलुकलाई कसरी अघि बढाउने भन्ने भावना आयो।'

देशको सर्वेसर्वा भनेको जनता नै रहेको उनले बताइन्। 'कुनै पनि राजनीतिक दलभित्र भागबन्डा मिल्यो भने त्यसको तनाव जनतालाई दिन हुँदैन,' प्रधानमन्त्री कार्कीले भनिन्-'सबैभन्दा ठूलो महान भनेको जनता हो। राजनीतिक दल भनेको सेकेन्डरी कुरा हो। जनता के चाहन्छ ? अहिलेको माग के हो ? जेनजी आन्दोलनमा बालक मारिए, त्यसले त जनतामा प्रभाव परेको छ नि त। हामीले के-का लागि परिवर्तन गर्ने ? जेनजीले के खोजेको, युवा पुस्ताले के खोजेको भन्ने त बुझ्नुपऱ्यो। मेरो गोरुको बाह्रै टक्का गरेर हुँदैन।'

प्रधानमन्त्री कार्कीले बिगतका कमजोरीका कारण जेनजी आन्दोलन भएको र अहिले दल र जेनजी दुवै पक्षको आलोचना आफूले सहनु परेको टिप्पणी गरेकी छिन्। उनले जेनजीदेखि राजनीतिक दलसम्मबाट सरकारमाथि निरन्तर आक्षेप आइरहेको गुनासो गरिन्। प्रधानमन्त्री कार्कीले विगतका त्रुटि र कमजोरीका कारण भदौ २३ र २४ मा घटेका घटनाको आवेग हाल सरकारले झेलिरहेको बताउँदै मुलुकका लागि आएका सबै आरोप सहन तयार रहेको उल्लेख गरिन्।

'यो देशको सर्वेसर्वा भनेको जनता जनार्दन हुन्, राजनीतिक दलहरू जनताको सेवाका लागि हुन्। आफ्नो भागबण्डा नमिलेको आवेग जनतामाथि खन्याउनु हुँदैन। जनताले परिवर्तन खोजेका छन् भने राजनीतिक दलहरू पनि सच्चिनुपर्छ,' प्रधानमन्त्रीले भनिन्-'हिजो जे त्रुटि भए, जे गल्ती भए र जसको परिणाम भदौ २३ र २४ का घटनामा देखियो, त्यसको आवेग आज हामीले सहिरहेकाछौं। जेनजी र राजनीतिक दल दुवैबाट आलोचना भइरहे पनि हामी अचानो होइनौं। मुलुकको निम्ति आएका सबै आक्षेप सहन तयार छौं।'

उनले आफूहरू जेनजीको रगतमा रमाउन सरकारमा नआएको स्पष्ट गर्दै सबैलाई निर्वाचन प्रक्रियामा सहभागी हुन आह्वान गरिन्। सबै राजनीतिक दल एकताबद्ध भएर शान्ति चाहने हो भने कसैले पनि अशान्ति फैलाउन नसक्ने उनको भनाइ छ।

नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवले आफ्नो पार्टी चुनावमा भाग लिने गरी अगाडि बढेको बताएका छन्। कतिपयले यसबारे संशय व्यक्त गर्ने गरेको पाइएको भन्दै उनले पार्टीको आधिकारिक निर्णय ख्याल गर्नुपर्ने बताए। सर्वपक्षीय छलफलमा बोल्दै उनले भने-'नेपाली कांग्रेस आधिकारिक रुपमा केन्द्रीय समितिबाट निर्णय गरेर फागुन २१ गतेको निर्वाचनमा सहभागी हुने तय गरिसकेका छौं।'

निर्वाचनबिना देशले निकास पाउँदैन भन्ने नै कांग्रेसको धारणा भएको उनले दोहोऱ्याए। उनी थप्छन्-'फागुन २१ मा कुनै तलमाथि नगरीकन निर्वाचन गर्न सरकारलाई आग्रह पनि छ।' निर्वाचनको लागि आफूहरूले आन्तरिक रुपमा धेरै हदलसम्म तयारी गरिसकेको समेत उनले बताए। उम्मेदवार छनोटको कार्य निकै अगाडि बढिसकेको उनले बताए। उनले सरकारले थप केही काम गर्नुपर्ने सुझाए। केही नेतालाई स्थानहदमा राखिएको भन्दै उनले स्थानहदमा रहेको व्यक्तिले कसरी चुनाव लड्ने भन्ने रहेको बताए। सुरक्षाको चिन्ता समाजमा रहेको भन्दै उनले यसमा सरकार गम्भीर बन्नुपर्ने जनाए। भयमुक्त वातावरणमा मतदान गर्ने वातावरणका लागि थप मेहनतको आवश्यक रहेको उनले उल्लेख गरे।

कहाँ अप्ठ्यारो परेको छ त्यसमा सुधार गरेर अगाडि जानुपर्ने र समयमै चुनाव गराउनुपर्ने उनको आग्रह छ। विदेशमा रहेका नेपालीलाई मताधिकार, अन्तरनिर्वाचन जिल्ला मतदान र नो भोटको विषयमा आफू असहमत नरहेको तर, २१ फागुनमै सम्भव कम रहेको उनले बताए।

नेकपा (एमाले) ले आगामी फागुन २१ गते निर्वाचन हुन्छ भन्ने विश्वसनीय आधार सरकारले दिन नसकेको बताएको छ। सोमबार प्रधानमन्त्री सुशीला कार्कीले बोलाएको निर्वाचनसम्बन्धी सर्वपक्षीय बैठकमा बोल्दै एमालेका सचिव महेश बस्नेतले आफ्नो पार्टीको तर्फबाट बोल्दै यस्तो बताएका हुन्। दलका नेतामाथि स्थानहद लगाउने कुराले तोकिएको मितिमा निर्वाचन हुने विश्वास गर्न सकिने अवस्था नरहेको उनले बताए।

'निर्वाचन भयरहित हुनुपऱ्यो। निष्पक्ष हुनुपऱ्यो, धाँधलीरहित हुनुपऱ्यो। दलका नेतामाथि अहिले पनि स्थानहद लगाइएको छ। म नै हुँ-५/७ जिल्ला जाँदा ढुंगा खाएर आएको मान्छे। हामीले ढुंगा खाएबापत खुशीयाली मनाएकै छ। त्यसकारण चुनाव २१ गते हुन्छ भन्ने कुरामा हामी विश्वस्त छैनौं।'- उनले भने। बस्नेतले निर्वाचनलाई निष्पक्ष, भयरहित वातावरणमा सम्पन्न गराउने काममा सरकार केन्द्रित नभएको आरोप समेत लगाए।

'नो भोटको प्रावधान राखौ भन्ने पनि आएको छ। अब फागुन २१ मा चुनाव भएन र सऱ्यो भने संसद पुनर्स्थापना हुन्छ कि के हुन्छ ? ६ महिनाभन्दा बढी ग्याप त हामीले देखेका छैनौं।'-उनले भने। सचिव बस्नेतले सरकारले लोकतान्त्रिक पद्धति समेत मिचेर अध्यादेश ल्याउने काम गरिरहेको भन्दै आपत्ति समेत जनाए।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का नेता वर्षमान पुनले घोषित मितिमै निर्वाचन सम्पन्न गराउने सरकारको प्रतिबद्धता सह्रानीय रहेको भन्दै निर्वाचन सम्पन्न गर्न दलहरुलाई सरकारलाई आवश्यक सहयोग गर्नुपर्ने बताएका छन्।

संविधानविपरीत सरकारले पर निर्वाचन धकेल्ने प्रयास गरे आफूहरुलाई स्वीकार्य नहुने चेतावनी समेत उनले दिए।

» बाँकी ३ पेजमा

## तानसेनमा होम स्टे व्यवसाय फष्टाउँदै



**कृष्ण पोखरेल**
*पाल्पा*

रोजगारीको लागि विदेश गएका युवाहरुलाई स्वदेश फर्काउने, उनीहरुलाई परिवारमै बसेर आर्यआर्जन बढाउने, स्थानीय कला संस्कृति, खानपान, भेषभुषा रहन सहन एक स्थानबाट अर्को स्थानमा हस्तान्तरण गर्ने, सबै किसिमका उद्योग व्यवसायलाई चलायमान बनाउने, समग्रमा देशको आर्थिक विकासमा चलायमान बनाउने उद्देश्यका साथ अहिले पाल्पाका गाउँ गाउँमा होम स्टे (घरवास) सञ्चालन भएका छन्। प्राकृतिक रुपमै सुन्दर, ऐतिहासिक, पुरातात्विक, धार्मिक तथा सांस्कृतिक नगरको रुपमा पहिचान बनाएको तानसेन नगरपालिकाले १४ वटै वडामा होम स्टे कार्यक्रम सञ्चालनको तयारीमा लागेको छ। जाडो मौसममा प्रशस्त घाम लाग्ने, गर्मी मौसममा हिमालको चिसो हावाले शित्तल बनाउने उपयुक्त मौसम, सबै स्थानमा यातायातको सुविधा, पर्यटकहरुलाई घुमाउने, देखाउने प्रशस्त सौन्दर्य स्थानहरु रहेकोले पछिल्लो समय पाल्पामा होम स्टे व्यवसाय फष्टाउँदै गएको छ।

पछिल्लो समय तानसेन नगरपालिकाले पर्यटन व्यवसाय नै तानसेन विकासको मेरुदण्ड मान्दै आवश्यक पर्यटकीय पूर्वाधार निर्माणदेखि सरोकारवालसँग समन्वय गरेर काम गर्न थालेपछि तानसेनका पर्यटन व्यवसायीहरु उत्साहित भएका छन्।

तानसेन नगरपालिकाले नेपाल पर्यटन बोर्ड र दिगो पर्यटन परियोजना काठमाडौंको सहकार्य र तानसेन होम स्टे समिति समन्वयमा होम स्टे घरवास व्यवस्थापन क्षमता अभिवृद्धि रैथाने पाक शिक्षा तथा आतिथ्यतासम्बन्धी ७ दिने तालिम सुरु भएको छ। तालिममा तानसेनमा सञ्चालन भएका विभिन्न होम स्टेबाट २५ जना होम स्टे व्यवसायीहरुको सहभागिता रहेको छ। होम स्टे तालिममा प्रशिक्षण्क धिरेन राकेश मगर, चिरन ढुङ्गाना र हरि गिरीले सहजीकरण गर्ने छन्।

» बाँकी ३ पेजमा

जनहितमा जारी सन्देश

प्रत्येक वर्ष तराई तथा भित्रि मधेसका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ। त्यसैले चिसो बाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ।

बच्ने उपायहरू
- बाक्लो तथा न्यानो लुगा लगाउने गरौ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौ।
- कोठा न्यानो पारौ र पर्याप्त हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔ।
- बालबालिका, वृद्ध वृद्धा, गर्भवती महिला तथा दिर्घ रोगीहरुलाई चिसोबाट जोगाऔ।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या आई परेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा छाती घ्यार घ्यार भएमा वा खास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौ।
- सुत्ने कोठामा आगो, हिटर कोईला बाली झ्याल ढोका बन्द गरेर सुनु हुदैन। जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्यु समेत हुन सक्छ।
- धुम्रपान तथा मदपानको सेवन नगरौ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौ।
- अत्यावश्यक काम बाहेक राती र सधैरे (बिहान) को समयमा बाहिर हिलडुल नगरौ।

याद राखौ छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौ र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔ।

भुपेन्द्र पाण्डे
प्रमुख प्रशासकिय अधिकृत

धनपत यादव
नगर प्रमुख

रामग्राम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी (म.सु.प) लुम्बिनी प्रदेश, नेपाल
विपद् ब्यवस्थापन शाखा

## सम्पादकीय

# प्रहरीको मनोबल बढाऊ

रूपन्देहीको कञ्चन गाउँपालिका-३ धौलागिरीचोकका १७ वर्षीय इशान शर्मा पौडेलको चार दिनअघि घर नजिकै नालीमा शव भेटियो । टाउकोमा गहिरो चोट लागेकाले उनको हत्या भएको हुन सक्ने स्थानीय बासिन्दाको भनाइ छ । प्रहरीले अनुसन्धान गरिरहेको, तर अभियुक्तको पहिचान हुन नसकेको बताउँदै घटनामा संलग्नको पहिचानका लागि अनुसन्धानमा सघाउ गर्न आग्रह गरेको छ । स्थानीय बासिन्दा भने हत्यामा संलग्न अभियुक्तलाई छिटो पक्राउ गर्न माग गर्दै प्रहरी कार्यालय घेराउ गरेका छन् ।

साँझ एकाएक हराएका र टाउकोमा गहिरो चोट लागेकाले पौडेलको हत्या हुन सक्ने स्थानीय बासिन्दाको दाबीमा बल पुगेको छ । यो घटनाको अनुसन्धानमा प्रहरी लागिरहेकोले सत्य तथ्य छिट्टै बाहिर आउने नै छ । छिटो सत्य तथ्य बाहिर ल्याउन प्रहरीले सफलता पायो भने प्रहरीप्रति समाजमा सकारात्मक प्रभाव पर्नेछ । छिटो अनुसन्धान अघि बढ्ने र अभियुक्त पक्राउ गर्न प्रहरीले सफलता पाउँदा समाजले सुरक्षाको अनुभूति गर्न सक्छ र अपराधीको मनोबल कमजोर बन्छ । जब अपराधीको मनोबल कमजोर हुन्छ, समाजमा अपराध न्यून हुँदै जान्छन् । केही समययता सामान्य विवादमा समेत अपराधिक घटना हुन थालेका छन् । हत्या र बलात्कारका घटना बढिरहेका छन् । कतिपय अवस्थामा पत्याउन नसकिने घटना भइरहेका छन् ,।

सामान्य लेनदेन विवादमा ललितपुरमा जेठान देवराज ढुंगेलले ज्वाई केशवराज हायुसहित दुईलाई हत्या गरे । मोबाइल कलको अनुसन्धानका आधारमा प्रहरीले देवराजलाई पक्राउ गरी अनुसन्धान गर्दा उनले नै हत्या गरेको पुष्टि गऱ्यो । देवराज र केशवराजबिचको लेनदेनको विषयलाई पन्छाउन हत्या भएको प्रहरीको निष्कर्ष छ । समाजमा सामान्य विषयमा उत्तेजनामा आउने र मान्छेको ज्यान नै लिने घटना हुनु सामान्य होइन् । अझ छिमेकीले सँगै घाँस काट्न गएकी बालिकालाई बलात्कार गरेको मोरङको घटनाले समाज कता जाँदैछ ? भन्ने गम्भीर प्रश्न खडा गरेको छ । समाजमा अविश्वास, आशंका र आक्रोशको जालोमा जेलिँदै जाने जोखिम बढाएको छ । यी तीन प्रतिनिधि घटना एक महिना यताका हुन् ।

समाजमा चेतनाको स्तर बढ्दै छ । प्रविधिको प्रयोगले समाजलाई छरिता बनाएको छ । तर समाजमा अपराधिक मानसिकता बढ्दै गएको छ । जसले समाजलाई आतंक र भयमा जेलेको छ ।

जेनजी आन्दोलनपछि समाजमा अपराधिक मानसिकता अझै बढेको घटनाक्रमले देखाएको छ । अपराध गर्दा कानुनी कारबाहीमा परिन्छ भन्ने ग्यारेष्टी नभएपछि अपराधीको मनोबल बढ्नु स्वभाविक छ । प्रहरीको मनोबल कमजोर भएका बेला अपराधीको मनोबल बढेको छ । अपराधीको मनोबल बढ्दा नागरिकले जीवनको मूल्य चुकाउन परेको छ । अपराधीलाई कानुनको दायरामा ल्याउने हो भने प्रहरीको मनोबल बढाऊ । साधनविहीन प्रहरीलाई साधनस्रोतयुक्त बनाऊ । समाजमा सुरक्षाको प्रत्याभूति नहुने हो भने भय र त्रास अझै बढ्ने र पुँजी पलायन हुने जोखिम उत्तिकै छ । गृहमन्त्री ज्यू, शीर्ष राजनैतिक नेतृत्वलाई गाली गरेर दिन गुजार्नुभन्दा प्रहरीको मनोबल बढाउने काममा लाग्नुस्, सरकार साथमा रहेको ढाडस दिनुस्, प्रहरीलाई आतंकित बनाएर समाजले ठूलो मूल्य चुकाउँछ भन्ने कुरा अरु मन्त्री र प्रधानमन्त्रीलाई पनि बुझाएर अघि बढ्नुस् ।

# अर्थतन्त्र कसरी प्रभावकारी बनाउने ?



गम्भीरबहादुर हाडा

नेपालले तेस्रो मुलुकसँग गर्दै आएको व्यापारघाटा २०८२-८३ सम्म पनि बढ्दै गएको छ। सरकारले आयात व्यापारमा निरुत्साहन नीतिलाई प्राथमिकतासाथ कार्यान्वयनमा लैजान नसक्दा व्यापारघाटा बढेको छ। आयातसँगै निर्यात पनि बढेको छ। तर, निर्यातजन्य वस्तु उत्पादन र उत्पादकत्त्व बढाउन नसक्दा निर्यात व्यापार खुम्चिन पुगेकाले व्यापारघाटाले निरन्तरता पाउँदै आएको छ। नेपालको सबैभन्दा बढी व्यापारघाटा सीमा जोडिएका दुई देश चीन र भारतसँग छ।

नेपालको आर्थिक समस्याको मूलकारण अत्यधिक बाह्य निर्भरता हो। सन् १९७६ देखि भुक्तानी सन्तुलन संकटबाट बच्न अन्तर्राष्ट्रिय मुद्राकोषबाट ९ पटक सहायता लिनुपरेको नेपालले आधिकारिक रूपमा कुल गार्हस्थ उत्पादनको २० प्रतिशत व्यापार घाटा कायम राख्ने लक्ष्य राखेको छ। निर्यात स्थिर रहँदा आयात अकासिएको छ। युवा पलायन समस्या गम्भीर बन्दै छ। एक वर्षमा मात्रै ५ लाख ४४ हजार ३२० जना वैदेशिक रोजगार विभागबाट अनुमतिपत्र लिएका छन्। यी संकटले नेपाललाई आर्थिक र सामाजिक परिपक्वताको बाटोमा अगाडि बढ्नबाट रोकेको छ। विप्रेषणमा अत्यधिक निर्भरता, निरन्तर युवा पलायन, राजनीतिक अस्थिरता र संस्थागत कमजोरीले मुलुकलाई दुष्चक्रमा फसाएको छ। राजनीतिक स्थिरता, आर्थिक विविधीकरण, संस्थागत क्षमता निर्माण र प्राकृतिक विपद् जोखिम न्यूनीकरणमा तत्काल ध्यान दिइनुपर्छ। अन्यथा, नेपाल यही संकटको चक्रमा फसिरहनेछ र विश्वका गरिबतम् मुलुककै पंक्तिमा रहिरहने छ।

नेपालको आर्थिक वृद्धिदर झन् खस्किने प्रक्षेपण गरिएको छ। विश्व बैंकले नेपाल डेभलपमेन्ट अपडेट प्रतिवेदन सार्वजनिक गर्दै नेपालको वृद्धि आर्थिक वर्ष २०८१-८२ मा ४.६ प्रतिशतबाट घटेर आर्थिक वर्ष २०८२-८३ मा २.१ प्रतिशतमा झर्ने प्रक्षेपण गरेको हो। विश्व बैंकका अनुसार गत २३ र २४ भदौको जेनजी आन्दोलन र त्यसपछि छाएको राजनीतिक अस्थिरताको प्रभावका कारण आर्थिक वृद्धि सुस्त हुनेछ। तथापि आर्थिक वर्ष २०८३-८४ (सन् २०२७) मा भने पुनर्निर्माण प्रयासमा हुने प्रगतिले आर्थिक वृद्धिदर ४.७ प्रतिशत पुग्ने अनुमान छ। सार्वजनिक प्रतिवेदनअनुसार सबैभन्दा बढी सेवा क्षेत्र प्रभावित हुने अपेक्षा छ। यद्यपि, यो प्रक्षेपण अझै अनिश्चित रहेको विश्व बैंकको भनाइ छ। 'राजनीतिक आर्थिक परिवर्तनको सफलता र दिगो सुदृढ व्यवस्थापन प्रत्याभूतिले लगानीकर्तालाई प्रोत्साहित आर्थिक सुधारलाई गति दिन सक्ने छ। नकारात्मक पक्षका रूपमा भने निरन्तर अनिश्चितताले लगानीकर्तालाई निरुत्साहित गर्नसक्ने अनुमान छ,' प्रतिवेदनमा भनिएको छ।

पुनरुत्थानका लागि आवश्यक तत्काल गतिविधिबाहेक प्रतिवेदनले दिगो आर्थिक वृद्धिका लागि सार्वजनिक लगानी व्यवस्थापन बलियो बनाउनुपर्नेमा जोड दिइएको छ। आव २०८०-८१ मा संघीय, प्रादेशिक र स्थानीय सरकारको कुल पूँजीगत खर्च कुल गार्हस्थ्य उत्पादनको ७.९ प्रतिशत थियो। यो नेपालको पूर्वाधार आवश्यकता पूरा गर्न आवश्यक लगानीभन्दा निकै कम हो। नेपालको पूर्वाधार आवश्यकता पूरा गर्नका लागि कुल गार्हस्थ्य उत्पादनको १० देखि १५ प्रतिशत लगानी आवश्यक छ।

जेनजी आन्दोलनपछि कायम राजनीतिक अस्थिरताको प्रत्यक्ष असर मुलुकको अर्थतन्त्रले भोग्नुपर्ने देखिएको छ। अस्थिरताले मुलुकको अर्थतन्त्रको वृद्धिदरमै सुस्तता ल्याउने प्रक्षेपण छ। विश्व बैंकद्वारा सार्वजनिक 'नेपाल डेभलपमेन्ट अपडेट प्रतिवेदन'ले चालू आर्थिक वर्ष २०८२-८३ मा अर्थतन्त्र वृद्धिदर गत आवको तुलनामा आधाले कम हुने देखाएको हो। प्रतिवेदनअनुसार गत आवको तुलनामा अर्थतन्त्र वृद्धिदर ४.६ प्रतिशतबाट घटेर चालू आवमा वृद्धिदर २.१ प्रतिशत रहने अनुमान छ। आगामी आव भने अर्थतन्त्रमा पुनः सुधार आएर ४.७ प्रतिशतको वृद्धिदर हासिल हुने विश्व बैंकको अनुमान छ।

विशेषगरी पुनर्निर्माण काम हुने भएकाले आगामी वर्ष वृद्धिदरमा सहयोग पुग्ने अनुमान छ। प्रतिवेदनअनुसार समीक्षा वर्षमा सबैभन्दा बढी सेवा क्षेत्र प्रभावित हुने छ। यद्यपि, राजनीतिक परिवर्तनले सफलता पाएमा र दिगो सुदृढ आर्थिक व्यवस्थापन प्रत्याभूति भएमा लगानीकर्तालाई प्रोत्साहित भई आर्थिक सुधारले गति पाउनेछ।

अनिश्चितता निरन्तर हुँदै जाँदा भने लगानीकर्तालाई निरुत्साहित गर्नसक्नेछ। प्रतिवेदनमा व्यावसायिक विश्वास पुनर्स्थापना र पुनरुत्थानलाई गति दिन सरकारले एकीकृत व्यावसायिक पुनरुत्थान योजना सार्वजनिक गरेको उल्लेख छ। जसअन्तर्गत अनुदान, कर छुट तथा सञ्चालन सहयोगलगायत सुविधाको नेपाल सरकारले पूर्वाधार पुनर्निर्माण र चुनावी तयारीका लागि सार्वजनिक स्रोतलाई प्राथमिकता दिएको छ। बलियो अर्थतन्त्रको जग राख्दै निजी क्षेत्रको गतिविधि पुनर्स्थापना गर्ने लक्ष्य पनि सरकारको छ। जेनजी आन्दोलनले अर्थतन्त्रमा पारेको असर अध्ययन गरिँदा सरकारले चालू आर्थिक वर्षमा ५.५ प्रतिशत आर्थिक वृद्धि हुने लक्ष्य राखेको थियो। तर, जेनजी आन्दोलनको प्रभावका कारण नेपालको प्रक्षेपित आर्थिक वृद्धिदर घट्ने भन्दै अन्तर्राष्ट्रिय निकायले नयाँ अनुमान सार्वजनिक गरिसकेका छन्। केही दिनअघिमात्रै प्रतिवेदन सार्वजनिक गर्दै विश्व बैंकले नेपालको आर्थिक वृद्धिदर २.१ प्रतिशतमा खुम्चिने अनुमान गरेको छ। अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)ले पनि चालू आर्थिक वर्षमा नेपालको आर्थिक वृद्धिदरसम्बन्धी गरेको पूर्वअनुमान घटाएको छ।

जेनजी आन्दोलनको नकारात्मक प्रभाव विदेशी लगानीमा परेको तथ्यांकले देखाएको छ। चालू आर्थिक वर्षको साउनमा दुई ठूला र १२५ साना कम्पनीका लागि २४ अर्ब १० करोड ४९ लाख ९५ हजार रुपैयाँबराबरको वैदेशिक लगानी प्रतिबद्धता आएको थियो। साथै, सो महिनामा विदेशी लगानीकर्ताले नेपालका विभिन्न ८ कम्पनीका १ अर्ब ९९ करोड रुपैयाँबराबरको सेयर खरिद सम्झौता पनि गरेका थिए। भदौमा साउनको तुलनामा घटेर ७ वटा ठूला उद्योग, ४ मध्यम उद्योग र २२५ साना उद्योगमा ८ अर्ब ९८ करोड ७० लाख ५९ हजार रुपैयाँमा विदेशी लगानी प्रतिबद्धता सीमित भएको थियो। साथै, सोही महिनामा लगानीकर्ताले ५० करोड ४४ लाख रुपैयाँको सेयर खरिद सम्झौता गरेका थिए।

वैदेशिक रोजगार विभागका अनुसार असोजमा ७ ठूला उद्योग, ४ मध्यम र ३ सय साना उद्योगमा २ अर्ब ४ करोड ५७ लाख ३२ हजार रुपैयाँबराबरको विदेशी लगानी प्रतिबद्धता आएको थियो। त्यस्तै, सो महिनामा २ करोड रुपैयाँबराबरको मात्रै सेयर खरिद सम्झौता भयो।

पछिल्लो समय राजनीतिक अनिश्चितताको प्रभाव बैंकिङ क्षेत्रमा पनि बढ्दै गएको छ। नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार गत भदौ मसान्तसम्म बैंकिङ क्षेत्रमा ७३ खर्ब ३१ अर्ब निक्षेप संकलन भएको थियो। २९ असोजसम्म त्यस्तो निक्षेपमा वृद्धि भएर ७४ खर्ब ५५ अर्ब रुपैयाँ पुग्यो अर्थात् एक महिनाको अवधिमा बैंकिङ क्षेत्रमा ११ खर्ब २४ अर्बले निक्षेप बढ्यो। भदौ मसान्तदेखि २९ असोजसम्म कर्जा प्रवाहमा भने जम्मा ३ अर्ब रुपैयाँले मात्रै वृद्धि भएको देखिएको छ। जसले लगानीकर्तामा अन्यौलता हुन गएको र कर्जाको माग पक्ष अत्यन्तै कमजोर हुन पुगेको देखाएको छ।

त्यस्तै, जेनजी आन्दोलनपश्चात् नेपालमा पर्यटक आगमन पनि प्रभावित बन्न पुगेको देखिन्छ। अघिल्लो वर्षको सेप्टेम्बरको तुलनामा अहिले भित्रिने पर्यटक संख्यामा १८.३ प्रतिशतले गिरावट आएको पर्यटन बोर्डको तथ्यांकले देखाएको छ। राजनीतिक परिवर्तनले सफलता पाएमा र दिगो सुदृढ आर्थिक व्यवस्थापन प्रत्याभूति भएमा लगानीकर्तालाई प्रोत्साहित भई आर्थिक सुधारले गति पाउने अनुमान विश्व बैंकले गरेको छ। अनिश्चितता निरन्तर हुँदै जाँदा भने लगानीकर्तालाई निरुत्साहित गर्नसक्नेछ।

जेनजी आन्दोलन र त्यसपछिको राजनीतिक अस्थिरताको प्रभाव प्रतिविम्बित गर्दै नेपालको आर्थिक वृद्धि सन् २०२५ मा ४.६ प्रतिशतबाट घटेर आर्थिक वर्ष २०२६ मा २.१. प्रतिशतमा झर्ने देखिएको छ। विश्व बैंकको पछिल्लो आर्थिक प्रतिवेदनअनुसार सन् २०२७ मा भने पुनर्निर्माणका प्रयासमा हुने प्रगतिले आर्थिक वृद्धिदर ४.७ प्रतिशत पुग्नेछ। पुनरुत्थानका लागि आवश्यक तत्काल गतिविधिबाहेक प्रतिवेदनले दिगो आर्थिक वृद्धिका लागि सार्वजनिक लगानी व्यवस्थापन बलियो बनाउनुपर्नेमा जोड दिएको छ। आर्थिक वर्ष २०२४ मा संघीय, प्रादेशिक र स्थानीय सरकारको कुल पुँजीगत खर्च कुल गार्हस्थ्य उत्पादनको ७.९ प्रतिशत थियो। जुन मपालको पूर्वाधार आवश्यकता पूरा गर्न आवश्यक लगानीभन्दा निकै कम हो। नेपालको पूर्वाधार आवश्यकता पूरा गर्न कुल गार्हस्थ्य उत्पादनको १० देखि १५ प्रतिशत लगानी आवश्यक पर्छ।

माल्दिभ्स, नेपाल र श्रीलंकाका लागि विश्व बैंकका डिभिजन डाइरेक्टर डेभिड सिस्लेनका अनुसार नेपालको आर्थिक वृद्धिदर सुधार, रोजगारी सिर्जना तथा सम्पूर्ण नेपालीको समृद्धिका लागि सार्वजनिक लगानी बढाउनु निकै महत्त्वपूर्ण छ, यसका लागि केही मुख्य काम कार्यान्वयन आवश्यक छ।

नेपालले तेस्रो मुलुकसँग गर्दै आएको व्यापारघाटा २०८२-८३ सम्म पनि बढ्दै गएको छ। सरकारले आयात व्यापारमा निरुत्साहन नीतिलाई प्राथमिकतासाथ कार्यान्वयनमा लैजान नसक्दा व्यापारघाटा बढेको छ। आयातसँगै निर्यात पनि बढेको छ। तर, निर्यातजन्य वस्तु उत्पादन र उत्पादकत्त्व बढाउन नसक्दा निर्यात व्यापार खुम्चिन पुगेकाले व्यापारघाटाले निरन्तरता पाउँदै आएको छ। नेपालको सबैभन्दा बढी व्यापारघाटा सीमा जोडिएका दुई देश चीन र भारतसँग छ। नेपालले १ सय ४१ देशसँग द्विपक्षीय व्यापार गर्छ, जसमा १ सय १० भन्दा बढी देशसँग व्यापारघाटा हुँदै आएको छ।

राजधानीबाट

# नेप्से परिसूचकमा १३ अङ्कको गिरावट



काठमाडौँ। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक सोमबार १३ दशमलव ८८ अङ्कले घटेर दुई हजार ५८१ दशमलव २१ को बिन्दुमा कायम भएको छ। ३३२ कम्पनीको ९१ लाख ६७ हजार ३५९ कित्ता शेयर ६५ हजार ३१२ पटक खरिदबिक्री हुँदा रु तीन अर्ब ५१ करोड ५९ लाख ३० हजार ७१८ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

कारोबारमा व्यापार समूहबाहेक अरु सबै समूहको उपसूचक घटेको छ। एसवाई प्यानल नेपाल लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै घट्नेमा भने मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य छ दशमलव ८४ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै लुम्बिनी विकास बैंक लिमिटेडको रु १० करोड ३० लाख ८९ हजार ११४ बराबरको शेयर किनबेच भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै गरिमा समृद्धि योजनाको १२ लाख ७७ हजार १८० कित्ता शेयर किनबेच भएको छ।

# चिसो मौसममा सुन्तलाको सेवनबाट के फाइदा हुन्छ ?



धेरैलाई लाग्न सक्छ, चिसो मौसममा सुन्तला खाँदा चिसो र रुघाखोकी लाग्न सक्छ। तर सुन्तलाले हामीलाई यिनै समस्याबाट जोगाउँछ। अमिलो र रसिलो फलफूल खाँदा शरीरलाई धेरै फाइदा पुग्छ।

चिसो मौसममा तापक्रम कम हुने कारणले हाम्रो शरीरमा रोग प्रतिरोधी क्षमतामा कमी आउँछ। छालाहरू सुख्खा हुन्छन्। पाचन प्रक्रिया पनि कमजोर हुन थाल्छ। यस्तो अवस्थामा सुन्तला खाँदा धेरै नै फाइदा गर्छ। सुन्तला सेवनका मुख्य फाइदाहरू यस प्रकार छन्।

**१. तौल घटाउन**

सुन्तलामा फाइबर पाइन्छ। यसले तौल घटाउन मद्दत गर्छ। साथसाथै पाचन प्रक्रियालाई पनि सन्तुलनमा राख्छ। घुलनशील फाइबर पेटमा लामो समयसम्म रहन्छ। र यसले तौल धेरै हुने समस्याबाट बचाउँछ। यस कारण शरीरमा क्यालोरीको मात्रा कम हुन्छ। सुन्तलाको रसभन्दा यसको फल धेरै लाभदायी हुन्छ।

**२. रोग प्रतिरोधी क्षमता र छालाका लागि**

चिसा दिनहरूमा छाला, स्वास्थ्य, पाचन प्रक्रिया आदि खराब हुने सम्भावना बढ्छ। सुन्तलामा पाइने भिटामिन सीले शरीरका कीटाणुहरूलाई रोक्ने भएकाले यसले रोग प्रतिरोधी क्षमताको पनि काम गर्छ। सुन्तलामा हुने भिटामिन सीले शरीरलाई जवान देखाउने काम गर्छ।

**३. चिसो र रुघाखोकीबाट बचाउँछ**

चिसो मौसममा रुघाखोकी जस्ता समस्या देखापर्नु सामान्य नै हो।

त्यसैले चिसो मौसममा धेरै सुन्तला खान सकिन्छ। हार्वर्ड हेल्थ पब्लिशिङमा छापिएको एक अध्ययनका अनुसार चिसो र रुघाखोकीबाट बच्नका लागि भिटामिन सी धेरै नै फाइदाजनक हुन्छ। सुन्तलाको सेवनले चिसोबाट बच्न सकिन्छ।

**४. मुटुका लागि फाइदाजनक**

अमेरिकीहार्टएसोसिएसनको एक अध्ययनका अनुसार अमिलो खानेकुरा, सुन्तला, अंगुर जस्ता फलफूलले स्ट्रोक हुनबाट बचाउँछ। यसमा हुने फ्लेवोनोइड्सले मुटुको रोगहरूबाट बचाउँछ। यसको सेवनले रक्त कोशिकाहरूको कार्य क्षमता बढाउँछ।

**५. मिर्गौलामा हुने पथ्थरीको सम्भावना कम**

पिसाबमा साइट्रेटको मात्रामा कमी आएमा मिर्गौलाको पथ्थरी हुने सम्भावना बढी हुन्छ। साइट्रेटमा एक प्रकारको साइट्रिक एसिड हुन्छ।

पथ्थरीको आकार सानो भएको समयमा एक गिलास सुन्तलाको जुस पिउने गर्नुपर्छ। यसले पिसाबमा साइट्रेटको स्तर बढाउँछ। जसले पथ्थरी हुने सम्भावना कम हुन्छ।

# अपाङ्ग आश्रमलाई बेड बिस्तारा र ब्ल्याङ्केट




बुटवल । माछापुच्छ्रे बैंक लिमिटेड बुटवल शाखाले चिसो मौसमलाई मध्यनजर गर्दै अपाङ्ग आश्रमलाई बेड बिस्तारा र ब्ल्याङ्केट सहयोग गरेको छ । बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत बुटवल-११ प्रगतिगरस्थित नेपाल अपाङ्ग आश्रमलाई बेड बिस्तारा र ब्ल्याङ्केट हस्तान्तरण गरेको हो ।

सोमबार एक कार्यक्रमका बिच माछापुच्छ्रे बैंक लुम्बिनी प्रदेश प्रमुख सरोज पोखरेल, माछापुच्छ्रे बैंक बुटवल शाखा प्रबन्धक लालबाबु शाह, सहायक शाखा प्रबन्धक सन्तोष केसी, अपरेशन इन्चार्ज देवका बश्याललगायतले संयुक्त रूपमा आश्रमका अध्यक्ष डोलबहादुर रामदामलाई बेड बिस्तारा र ब्ल्याङ्केट सेट हस्तान्तरण गरेका हुन् ।

सोही अवसरमा बोल्दै बैंकका लुम्बिनी प्रदेश प्रमुख सरोज पोखरेलले संस्थागत सामाजिक उत्तरदायित्वलाई सधैं बैंकले आफ्नो उच्च प्राथमिकतामा राख्दै आएको बताए । अपाङ्गता भएकै कारण घरपरिवारबाट अपहेलित हुनुपरेकाहरुलाई आश्रय दिँदै आएको आश्रमको विकासका लागि सरकारसँगै अन्य संघ संस्थाले पनि सहकार्य गर्नुपर्नेमा उनले जोड दिए ।

बैंकका बुटवल शाखा प्रबन्धक लालबाबु शाहले आश्रममा आश्रित व्यक्तिहरुको स्वास्थ्यलाई मध्यनजर गर्दै हालको चिसो मौसममा बसोबासका लागि सहज होस् भन्ने उद्देश्यले बेड बिस्तारा र ब्ल्याङ्केट सहयोग गरिएको बताए । उनका अनुसार १० सेट बेड बिस्तारा र ब्ल्याङ्केट हस्तान्तरण गरिएको हो । आगामी दिनमा पनि बैंकले यस्ता सामाजिक कामलाई निरन्तरता दिने शाखा प्रबन्धक शाहले बताए ।

आश्रमका अध्यक्ष डोलबहादुर रामदामले माछापुच्छ्रे बैंकले अपाङ्ग आश्रमलाई गरेको सहयोगप्रति धन्यवाद ज्ञापन गर्दै थप सफलताको शुभकामना दिए । शारीरिक र मानसिक रुपमा अपाङ्गता भएकाहरुको आश्रित स्थल बनेको आश्रम विभिन्न सामाजिक संघसस्था र व्यक्तिहरुको सहयोगमै निर्भर रहेको उनले बताए । हाल आश्रममा ४४ जना आश्रित रहेको बताउँदै उनले २६ जना पुरुष र १८ जना महिला रहेको जानकारी दिए ।

माछापुच्छ्रे बैंकले यसअघि पनि सामाजिक कार्यमा सक्रिय रहेका विभिन्न संघसंस्थाहरुलाई सहयोग गर्दै आएको थियो । माछापुच्छ्रे बैंकले हाल देशका ७ वटै प्रदेशमा, १६५ वटा शाखा कार्यालय, ११ वटा एक्सटेन्सन काउन्टर, १५७ वटा शाखारहित बैंकिङ्ग सेवा, २०६ वटा एटिएममार्फत् १८ लाखभन्दा बढी ग्राहकहरुलाई सेवा प्रदान गर्दै आइरहेको छ ।

# निबन्ध लेखन र हाजिरी जवाफ प्रतियोगिता




बुटवल । शिक्षाको गुणस्तर अभिवृद्धि र विद्यार्थीहरूको चौतर्फी विकास गर्ने उद्देश्यले नेशनल प्याब्सन रूपन्देहीको आयोजनामा अन्तरविद्यालय निबन्ध लेखन तथा हाजिरी जवाफ प्रतियोगिता सम्पन्न भएको छ ।

जिल्लाका विभिन्न १४ विद्यालयहरुको सहभागिता रहेको सो प्रतियोगिताको उद्घाटन गर्दै शिक्षा विकास तथा समन्वय इकाइ रूपन्देहीका प्रमुख विष्णु प्रसाद पन्थीले यसप्रकारका प्रतियोगिताले विद्यार्थीहरूको समग्र बौद्धिक विकासका टेवा पुराउने बताए । विद्यार्थीहरुको क्षमता र दक्षता अभिवृद्धिका लागि यस्ता अतिरिक्त क्रियाकलापहरू अपरिहार्य रहेको बताउँदैइकाई प्रमुख पन्थीले किताबी ज्ञानले मात्र विद्यार्थी पूर्ण नहुने हुँदा यस्ता प्रतियोगिताले विद्यार्थीको आत्मविश्वास बढाउन र लुकेका प्रतिभा प्रस्फुटन गर्न ठूलो मद्दत पुऱ्याउने जनाए ।

कार्यक्रमका अध्यक्ष एवं नेशनल प्याब्सन रुपन्देहीका अध्यक्ष बाबुराम बन्जाडेले नेशनल प्याब्सन सधैं विद्यार्थीको वृत्ति विकास र गुणस्तरीय शिक्षाका लागि प्रतिबद्ध रहेको बताए ।

आफूहरुले केवल शिक्षा मात्र दिने काम नगरि विद्यार्थीलाई प्रतिस्पर्धात्मक विश्वमा खरो उत्रन सक्ने बनाउन यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिँदै आएको उल्लेख गर्दै उनले विद्यार्थीहरुलाई लाभ हुने कार्यक्रमलाई निरन्तरता दिँदै जाने जनाए ।

हाजिरी जवाफ प्रतियोगितामा देवदह बोर्डिङ् स्कुल प्रथम, नमूना एभर ग्रिन बोर्डिङ् स्कुल द्वितीय, स्कलर्स होम तृतीय र ग्लोरी बोर्डिङ् स्कुलले सान्त्वना पुरस्कार हासिल गरेका छन् ।

त्यस्तै निबन्ध लेखन प्रतियोगितामा एचिभर्स मा.वि. प्रथम, सिद्धार्थ ग्यालेक्सी स्कुल द्वितीय, सेन्ट जोसेफ इङ्गलिस बोर्डिङ् स्कुल तृतीय र स्कलर्स होमले सान्त्वना पुरस्कार हात पार्न सफल भएका छन् । प्रतियोगितामा उत्कृष्ट विद्यालय तथा विद्यार्थीहरूलाई शिल्ड, नगद र प्रमाणपत्रद्वारा सम्मान गरिएको थियो ।

कार्यक्रममा नेशनल प्याब्सनका केन्द्रीय उपमहासचिव विष्णु प्रसाद पौडेल, केन्द्रीय सल्लाहकार राजु गुरुङ, रुपन्देहीका पूर्व अध्यक्ष बिलप्रसाद गुरुङ, सचिव कमल पौडेल, कोषाध्यक्ष शंकरप्रसाद गौतमलगायतले विद्यालयहरुले शैक्षिक गतिविधिका साथै अतिरिक्त क्रियाकलापलाई पनि सँगसँगै अघि बढाउनु पर्ने कुरामा जोड दिएका थिए ।

हाजिरीजवाफ प्रतियोगिताको सहजीकरण डा.आविष्कार पराजुलीले गरेका थिए भने निबन्ध लेखनको निर्णायक प्राध्यापक कृष्णप्रसाद पाण्डे रहेका थिए ।

कार्यक्रममा स्वागत मन्तव्य शंकरप्रसाद गौतमले राखेका थिए भने कार्यक्रमको सञ्चालन नेशनल प्याब्सन रूपन्देहीका सचिव अमित यादवले गरेका थिए ।

# 'क्रस बोर्डर टुरिजम काउन्सिल' गठन हुँदै

नेपालगञ्ज । नेपाल-भारतबिच पर्यटनका क्षेत्रमा नयाँ सम्भावना खोजी गर्ने उद्देश्यले संयुक्त मञ्चका रूपमा 'क्रस बोर्डर टुरिजम काउन्सिल' गठन हुने भएको छ ।

नेपालगञ्जमा भएको तीनदिने 'क्रस बोर्डर टुरिजम कन्क्लेभ' दुई देशको पर्यटन प्रवर्द्धन गर्ने योजनासहित काउन्सिल गठन गर्न लागिएको नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) बाँकेका पूर्वअध्यक्ष श्रीराम सिग्देल जानकारी दिए । "अझै कतिपय खास विषयमा संवाद गरिने छ, त्यसपछि औपचारिक रूपमा घोषणा गरिने छ ।"-उनले भने ।

सिग्देलले सो काउन्सिल बनाउनका लागि तीनदेखि छ महिनाको समय लाग्ने जानकारी दिँदै क्रस बोर्डर पर्यटन सहजीकरणका लागि अनलाइन आवेदन दिने र अनुमति दिने प्रणाली लागू गर्न सरकारलाई आग्रह गरिएको बताए ।

हालै सम्पन्न भएको नेपालगञ्ज विमानस्थललाई पूर्ण क्षमतामा उपयोग गरी पर्यटन प्रवर्द्धनका लागि नेपालगञ्ज-दिल्ली सिँधा हवाई उडान सञ्चालन गर्न नेपाल र भारत दुवै देशका नागरिकले सम्बन्धित देशका सरकारसँग आग्रह गर्ने निर्णय भएको जानकारी पूर्वअध्यक्ष सिक्देलले जानकारी दिए । नेपालगञ्जलाई 'डेष्टिनेसन वेडिङ' बनाउन सम्बन्धित निकायमा पैरवी गर्न जोड दिइएको उनले उल्लेख गरे ।

नेपाल पर्यटन बोर्डको आयोजनामा नाट्टा बाँके च्याप्टरको संयोजनमा भएको कन्क्लेभमा पहिलो दिन विभिन्न पर्यटकीय क्षेत्रको अवलोकनदेखि अन्तिम दिन ग्रामीण पर्यटका रूपमा रहेको होम स्टे (घरबास) अवलोकन, बाँके निकुञ्जको सफारीसम्मका गतिविधि भएका थिए । दुई देशबिचका पर्यटन व्यवसायी, टुर अपरेटरहरूबीच बिटुबीसम्बन्धी कार्यक्रम पनि गरिएको थियो ।

यसैबिच नेपाल-भारतका पर्यटन व्यवसायीबीच संयुक्त बैठकको आयोजना गरिएको छ ।

बैठकले जमुनाह नाकाबाट नेपाल प्रवेश गर्ने पर्यटकहरूको सहजताका लागि नाट्टा बाँके च्याप्टरको सहजीकरणमा सुरक्षा निकायको बैठक तथा प्रमुख जिल्ला अधिकारीको समन्वयमा सुरक्षा निकायको बैठक राखी पर्यटकमैत्री वातावरण बनाउन पहल लिने निर्णय भएको सिग्देलले जनाए ।

**कांग्रेससहितका...**

घोषित मितिमा निर्वाचन हुन नसके सरकारले निर्णय गर्ने वा पुरानै संसद पुनःस्थापना हुनेप्रति सरकारलाई सचेत समेत गराए ।

'घोषित मितिमा निर्वाचन सम्पन्न गराउने विषयमा सरकारको तर्फबाट आएको कमिटमेन्ट सह्रानीय छ । हाम्रो दलको तर्फबाट यसको लागि सरकारलाई आभार व्यक्त गर्न चाहन्छु,' पार्टीको तर्फबाट बोल्दै नेता पुनले भने-'सरकारले पनि निर्वाचनलाई बैशाख, जेठतिर लैजान खोजेको हो कि भन्ने सुरु सुरुका दिनमा आशंका थियो । अहिले त्यो ठाउँ नभएको जस्तो देखिन्छ । प्रमुख राजनीतिक दलहरु समेत चुनावी प्रक्रियामा आइसकेको हुनाले उनीहरुलाई अझै प्रोत्साहित गर्नुपर्छ ।'

सिंहदरबारस्थित सर्वपक्षीय छलफलमा बोल्दै उनले राज्यलाई निकास र स्थायित्व दिन राजनीतिक दलहरूले सरकारलाई घोषित मितिमा निर्वाचन सम्पन्न गर्न सहयोग गर्नुपर्ने बताए ।

**तानसेनमा......**

तालिम उद्घाटन कार्यक्रममा तानसेन नगरपालिका नगरप्रमुख सन्तोषलाल श्रेष्ठ, उप-प्रमुख प्रतिक्षा गाहा सिंजाली, प्रमुख प्रशासकीय अधिकृत चेतनाथ गिरी, होम स्टे महासंघका महासचिव कृष्णलाल चौधरी, तानसेन पर्यटन समितिका संयोजक सागरमान महर्जन, वडा नं. ३ वडाध्यक्ष बाबुरत्न शाक्य, पाल्पा व्यापार संघका अध्यक्ष विष्णुबहादुर कार्की, तानसेन नाटाका अध्यक्ष राजीव शाह, पाल्पा उद्योग वाणिज्य संघका अधिकृत सुशील प्रधान, तालिमका फोकल पर्सन तानसेन नगरपालिकाका वरिष्ट कार्यक्रम अधिकृत दुर्गा थापा, गेट अप पाल्पाका अध्यक्ष सुशीला श्रेष्ठलगायतले तानसेनको पर्यटन प्रवर्धनमा होम स्टेले खेलेको भूमिका र होम स्टेलाई अझै व्यवस्थित र व्यवसायिक, पारिवारिक बनाउन तालिम सञ्चालन गरिएको बताए ।

तानसेन होम स्टे समितिका अध्यक्ष धनिश्वर बस्यालको अध्यक्षता, समितिका उपाध्यक्ष बामदेव बस्यालको स्वागत र सचिव सुनिता श्रेष्ठको सञ्चालनका तालिम कार्यक्रम चलेको थियो ।


## माइग्रेसन सर्टिफिकेट हराएको सूचना !

मेरो निम्न विवरण भएको कक्षा १२ को माइग्रेसन सर्टिफिकेट यही मितिः २०८२/०८/०५ गते बुटवल राजमार्ग चौराहाबाट बुटवलको ट्राफिकचोकतर्फ जाँदै गर्दा हराएकोले भेटाउनु माहानुभावले निम्न ठेगानामा खबर गरिदिनुहुन वा नजिकको प्रहरी कार्यालयमा बुझाइदिनुहुन अनुरोध गर्दछु ।

**नामः सरस्वती पोखेल**
**ठेगानाः मध्यविन्दु नगरपालिका वडा नम्बर १५, नवलपरासी (बर्दघाट -सुस्ता पूर्व)**
**एनइबी रजिष्ट्रेशन नम्बरः** ८१४७६०५९००८३,
**सिम्बल नम्बरः** २७६०४८८१,
**सिरियल नम्बरः** एम १४५४८९१
**फोनः** ९८४७३७७५४४


## तिलोत्तमा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
कुञ्जलापुर, मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।

**प्रकाशित मिति २०८२।०९।०८**

यस तिलोत्तमा नगरपालिकाको चालु आ.व. २०८२/८३ को स्वीकृत कार्यक्रम अनुसार यस कार्यालय बाट तपशिलको कार्य गर्नको लागि विभिन्न मिति २०८२-०७-२७ मा प्रकाशित विद्युतिय बोलपत्र आह्वानको सूचना अनुसार निम्न कार्यको लागि पेश भएका बोलपत्र मध्येबाट यस कार्यालयको मूल्याङ्कन समितिको विभिन्न मितिमा बसेको बैठकको निर्णय अनुसार न्युनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएको तपशिलको बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) प्रयोजनार्थ यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं | ठेक्का नं | छनौट भएको बोलपत्रदाताको नाम ठेगाना | कार्यको बिवरण र स्थान | कवोल रकम मू.अ.कर समेत रु. |
|---|---|---|---|---|
| १ | NCB/TM/W/१६/२०८२/२०८३ | नव कल्याण कन्ट्रक्सन, काठमान्डौ १० | कैलाश पथ स्तरउन्नती-५ | ६५५४७३५ |
| २ | NCB/TM/W/१७/२०८२/२०८३ | बस्याल बिन्दवासिनी निर्माण सेवा प्रा.ली., काठमान्डौ | जीवन साईकल देखि दक्षिण सुस्पुरा जाने बाटो स्तरउन्नती-८ | ६६३६६६८ |
| ३ | NCB/TM/W/१८/२०८२/२०८३ | रोहिणी निर्माण सेवा, रोहीणी-१, रुपन्देही | सेमरी बोरिङ्ग देखि उत्तर तर्फ सडक कालोपत्रे-१३ | ६६२२३७६ |
| ४ | NCB/TM/W/१९/२०८२/२०८३ | अमृत कन्ट्रक्सन, रुपन्देही | सुपौली दुर्गानगर तथा रेहरा हेल्थपोष्ट सडक कालोपत्रे | ६४२४०३७ |
| ५ | NCB/TM/W/२०/२०८२/२०८३ | लक्ष्मी एण्ड सुजल निर्माण सेवा, तिलोत्तमा ६ | वडा कार्यालय ,आधारभुत स्वास्थ्य चौकीमा बिभिन्न पूर्वाधार निर्माण कार्य | १४१६०९२ |
| ६ | NCB/TM /W /२१/२०८२/२०८३ | बस्याल बिन्दवासिनी निर्माण सेवा प्रा.ली., काठमान्डौ | भक्त बहादुरको घर देखि भाटा हुदै १२ नं. वडा सिमाना सम्म बाटो कालोपत्रे-१० | ६४७६७५४ |

प्रमुख प्रशासकीय अधिकृत

Lumbini Provincial Government
Ministry of Energy, Water Resources and Irrigation
## Water Resources and Irrigation Development Division Office, Palpa
## Re-Invitation for Bids

**Date of Publication: 2082/09/08 (23 December, 2025)**

Water Resource and Irrigation Development Division Office, Palpare-inviteselectronic bidsfrom Nepalese eligible bidders for the works mentioned in the table below under Sealed Quotation (SQ). The first notice regarding the invitation for bids for the mentioned works was dated 2082/08/17 (03 December, 2025), the newspaper on which it was published being "Butwal National Daily". Eligible Bidders may obtain further information from PPMO website www.bolpatra.gov.np/egp or from the division office.

| S. N. | IFB No/Contract ID | Estimated Amount (With VAT) | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) | Bidding Type |
|---|---|---|---|---|---|
| 1 | CKIP/WRIDDOPalpa/SQ-01/082/83 | 15,58,267.20 | 40,000 | 1000 | Sealed Quotation |
| 2 | BPLKG/WRIDDOPalpa/SQ-02/082/83 | 7,78,694.49 | 20,000 | 1000 | Sealed Quotation |
| 3 | KKCIP/WRIDDOPalpa/SQ-03/082/83 | 15,58,603.74 | 40,000 | 1000 | Sealed Quotation |
| 4 | KMBBRIP/WRIDDOPalpa/SQ-04/082/83 | 7,78,030.48 | 20,000 | 1000 | Sealed Quotation |
| 5 | GBKIP/WRIDDOPalpa/SQ-05/082/83 | 7,78,778.40 | 20,000 | 1000 | Sealed Quotation |
| 6 | MMRTRMIP/WRIDDOPalpa/SQ-08/082/83 | 14,02,223.02 | 40,000 | 1000 | Sealed Quotation |
| 7 | TBKIP/WRIDDOPalpa/SQ-11/082/83 | 7,78,979.69 | 20,000 | 1000 | Sealed Quotation |
| 8 | TTKIP/WRIDDOPalpa/SQ-12/082/83 | 7,77,960.34 | 20,000 | 1000 | Sealed Quotation |

**Act. Division Chief**


## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



**सखरखण्डः**
बाँकेको डुडुवा गाउँपालिका-४ सिधिनियाँस्थित राप्ती नदीको बगरमा १ बिघा जग्गामा उत्पादन गरिएको सखरखण्ड बजार पठाउन 'प्याकिङ' गर्दै किसान।। तस्विर ः रूपनी जि एम / रासस

# लुम्बिनीमा नवौं लुम्बिनी प्रिमियर लिगको तयारी

**नेपालका ८ र भारतका ८ टिमले प्रतिस्पर्धा गर्ने प्रतियोगिताको उपाधि विजेताले ३ लाख र उप-विजेताले १ लाख ५० हजार रुपैयाँ नगद पुरस्कार पाउने छन्।**



बुटवल । बुद्ध जन्मस्थल लुम्बिनीमा नवौं संस्करणको इण्डो-नेपाल लुम्बिनी प्रिमियर लिग (एलपीएल) क्रिकेट प्रतियोगिताको तयारी सुरु भएको छ । रेस्पोन्स टिम लुम्बिनीको आयोजनामा पुस २६ गतेदेखि सुरु हुने प्रतियोगितामा नेपाल र भारतका १६ टिमले प्रतिस्पर्धा गर्ने आयोजकले सोमबार लुम्बिनीमा पत्रकार सम्मेलन गरी जानकारी दिएको हो ।

जिल्लामा ठूलो पुरस्कार राशीको क्रिकेट प्रतियोगितामा नेपालका ८ र भारतका ८ टिमको सहभागीता रहने रेस्पोन्स टिम लुम्बिनीका अध्यक्ष जमशेद आलम खानले जानकारी दिए । प्रतियोगिता लुम्बिनी सांस्कृतिक नगरपालिका वडा नम्बर-६ पर्साचोक नजिकै रहेको खेल मैदानमा सञ्चालन हुनेछ । भारतीय टिमको सहभागिता रहने प्रतियोगिताले स्थानीयस्तरमा क्रिकेट खेल र खेलाडीको विकाससँगै बुद्धजन्मस्थल लुम्बिनीको पर्यटन प्रवर्धनमा समेत टेवा पुग्ने अपेक्षा गरिएको छ ।

प्रतियोगिताको उपाधि विजेता टिमले ३ लाख र उप-विजेताले १ लाख ५० हजार रुपैयाँ नगद पुरस्कार पाउनेछन् । गत वर्षको भन्दा यो वर्षदेखि विजेता टिमको पुरस्कार राशी १ लाख रुपैयाँ बढी हो । यसैगरी 'बेस्ट बलर', 'बेस्ट ब्याटर', 'म्यान अफ दी म्याच' खेलाडीलाई पनि आकर्षक नगद पुरस्कारको व्यवस्था रहेको अध्यक्ष खानले बताए । गत वर्षको उपाधि ग्राण्ड कास्मो टिम नेपालले जितेको थियो ।

स्थानीयस्तरबाटै खेलाडीलाई प्रोत्साहन गरी क्रिकेट खेलप्रति रुचि जगाउन विगत झण्डै एक दशकदेखि प्रतियोगिता गर्दै आएको खानले बताए ।

प्रतियोगिताको लागि टिम दर्ता शुल्क ३० हजार रहेको छ । प्रतियोगिता सञ्चालनको लागि २२ लाख ५० हजार रुपैयाँ खर्च लाग्ने आयोजकले अनुमान गरेको छ । क्लबका सल्लाहकार अकरम खानले लुम्बिनी क्षेत्रका क्रिकेट खेलको विकासको लागि गौतमबुद्ध क्रिकेट रंगशाला आवश्यकता रहेको भन्दै त्यसका लागि संघीय र प्रदेश सरकारले निर्माण गर्नुपर्ने बताए । प्रतियोगिताको लागि लुम्बिनी सांस्कृतिक नगरपालिका एवं स्थानीय दाताबाट सहयोग संकलन गरिने छ ।

# हत्यामा संलग्नलाई हदैसम्मको कारबाही गर्न माग

बुटवल । बुटवल उद्योग वाणिज्य संघ, रुपन्देहीले संघका सदस्य रमा पौडेल र अर्जुन पौडेलका छोरा हत्यामा संलग्नलाई पहिचान गरी हदैसम्मको कारबाही गर्न माग गरेको छ ।

संघले सोमबार एक विज्ञप्ति प्रकाशन गरी रुपन्देहीको कञ्चन गाउँपालिका वडा नं. ३ धौलागिरी चोकका व्यवसायी, बुटवल उद्योग वाणिज्य संघकी सदस्य रमा पौडेल र अर्जुन पौडेलका छोरा १७ वर्षीय ईशान पौडेल हत्यामा संलग्नलाई पहिचान गरी हदैसम्मको कारबाही गर्न माग गरेको हो । ईशानको यहि पुस ३ गते बिहीबार राती घर नजिकै हत्या भएको थियो ।

संघका अध्यक्ष हरिप्रसाद अर्यालद्वारा जारी विज्ञप्तिमा घटनाको निन्दा गर्दै दोषीलाई तत्काल कानुनी दायरामा ल्याउन र हदैसम्मको कारबाही गर्न माग गरिएको छ । नयाँ पुस्ताका ऊर्जावान र होनहार युवाको जघन्य हत्या हुनु दुःखद र निन्दनीय रहेको संघले जनाएको छ ।

संघले घटनामा संलग्नलाई पहिचान गरी छिटोभन्दा छिटो कडा कारबाही गर्न र समाजमा शान्ति सुरक्षा कायम प्रहरी प्रशासनलाई आग्रह गर्दै यस्ता घटनाको निष्पक्ष र प्रभावकारी अनुसन्धानले कारबाहीले समाजमा शान्ति सुरक्षा कायम गर्न सघाउ पुऱ्याउने पनि उल्लेख गरिएको छ ।

# उजिरसिंह माविको ६२औं वार्षिकोत्सव




बुटवल । उजिरसिंह माध्यमिक विद्यालय बुटवल उप-महानगरपालिका वडा नम्बर-२ को ६२औं वार्षिकोत्सव तथा अभिभावक दिवस सम्पन्न भएको छ । विभिन्न खेलकुद तथा अतिरिक्त क्रियाकलापका साथ एक हप्तासम्म सञ्चालन गरिएको वार्षिकोत्सव कार्यक्रमको मूल समारोहको बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेले सोमबार उद्घाटन गरे ।

सो अवसरमा बोल्दै नगरप्रमुख पाण्डेयले नगरभित्रका विद्यालयको शिक्षामा एकरुपता ल्याउँदै शैक्षिक सुधारमा स्थानीय तह रहेको बताए ।

विद्यालयको भौतिक, शैक्षिक विकासको लागि पालिकाले आवश्यक सहयोग गर्दै सामुदायिक विद्यालयको सुधार प्राथमिकता भएको बताए ।

सो अवसरमा उप-प्रमुख सावित्रादेवी अर्यालले शिक्षाको पहुँचबाट कोही वञ्चित हुन नदिने बताइन ।

विद्यालय प्राधानाध्यापक पदमराज ज्ञवालीको अध्यक्षतमा भएको कार्यक्रममा कार्यक्रममा विद्यालय शिक्षक कर्मचारी, निवर्तमान विद्यालय व्यवस्थापन समिति, कर्मचारी, सहयोगदाता, उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी विद्यार्थीहरुलाई पुरस्कार तथा प्रमाणपत्र समेत वितरण गरिएको विद्यालयका लेखा अधिकृत कपिलप्रसाद अधिकारीले जानकारी दिए ।

कार्यक्रममा जिल्ला शिक्षा तथा समन्वय इकाई रुपन्देहीका प्रमुख विष्णु पन्थी, वडा नम्बर १ का अध्यक्ष नरेन्द्र बस्नेत, वडा नम्बर २ का अध्यक्ष सुनील शाक्य, राष्ट्रिय परीक्षा बोर्ड बुटवलका प्रमुख रोमकान्त तिवारी, विद्यालयका पूर्व अध्यक्ष विमलबहादुर शाक्य, निवर्तमान अध्यक्ष टिकाप्रसाद उपाध्याय, सूर्योदय प्राविका शिक्षक शोभा ज्ञवाली, मणिमुकुन्द सेन उद्यानका अध्यक्ष माधव नेपाल, मिना थापालगायतले बोलेका थिए ।

विद्यालयमा झण्डै १ हजार विद्यार्थी अध्ययनरत छन् भने ३० जना शिक्षक कर्मचारी कार्यरत छन् । विद्यालयलमा प्लस टुतर्फ मानविकी, शिक्षा र व्यवस्थापनको विषय पठनपाठन हुँदै आएको छ । कार्यक्रमको स्वागत विद्यालयका सहकाय प्रअ बशुन्धरा भुसाल र सञ्चालन शिक्षक ङनी गुरूङले गरेकी थिइन ।

# कालिका मानवज्ञान माविको ६५औं वार्षिकोत्सव




बुटवल । कालिका मानवज्ञान माविले ६५औं वार्षिकोत्सव तथा अभिभावक दिवस मनाएको छ । सोमबार विद्यालयका एक विशेष समारोहको आयोजना गरी वार्षिकोत्सव मुल समारोहक गरिएको हो ।

कार्यक्रममा बोल्दै बुटवल उप-महानरपालिकाका प्रमुख खेलराज पाण्डेले शैक्षिक क्षेत्रमा विद्यालयको भूमिका सबैभन्दा महत्वपूर्ण भएको बताए । उनले शैक्षिक, भौतिक, व्यवस्थापकीय रुपमा देशकै अब्बल सामुदायिक विद्यालयको रुपमा पहिचान स्थापना गर्न सकेकोमा बधाई ज्ञापन गरेका थिए ।

मेयर पाण्डेले बुटवलको शिक्षालाई महत्व दिएर बाहिर जिल्लाबाट आएका विद्यार्थीहरुको लागि सम्मान, माया गर्नुपर्ने बताएका थिए । बुटवललाई आर्थिक, शैक्षिक र आशालाग्दो शहरको रुपमा विकास गर्नको लागि सबैले जोड दिनुपर्ने बताएका थिए ।

बुटवल उपमहानरपालिका वडा नम्बर १० का अध्यक्ष बलबहादुर पुनले कालिका मानवज्ञान मावि देशकै अब्बल विद्यालयको रुपमा पहिचान स्थापना गर्न सफल भएकोका बधाई दिँदै विद्यालयको भवन निर्माण, खेल मैदान विस्तारलगायतका अन्य भौतिक पूर्वाधार निर्माणको लागि स्थानीयस्तरबाट सहयोग प्रदान गर्दै जाने बताएका थिए । उनले साविक मानवज्ञान विद्यालयको भौतिक पूर्वाधार विकासको लागि पालिकाले सहयोग प्रदान गर्दै आएको र आगामी दिन पनि पनि सहयोग गर्दै जाने प्रतिबद्धता जनाएका थिए ।

कार्यक्रममा राष्ट्रिय परीक्षा बोर्ड लुम्बिनी प्रदेश कार्यालय प्रमुख रमाकान्त तिवारी, बुटवल कालिका क्याम्पसका क्याम्पस प्रमुख तथा विद्यमालयका पूर्व प्रधानाध्यापक घनश्याम पाठक, अभिभावक संघ नेपाल केन्द्रीय महासचिव तथा रुपन्देही जिल्ला अध्यक्ष लोकनाथ ज्ञवाली, नयाँ गाउँ माविका प्रधानाध्यापक पुरुषोत्तम भट्टराई, अग्रज लेखक मदनलाल पौडेललगायतले शुभकामना मन्तव्य राखेका थिए ।

विद्यालयका प्रधानाध्यापक दिनेश थापाले विद्यालयको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै समयानकुल प्राविधिक शिक्षामा विद्यालयले विशेष जोड दिएको बताए । उनले शिक्षकहरुको कार्यमूलक अनुसन्धानसहित हरेक कक्षामा इन्चार्ज तोकेर सोहीअनुसार कार्य गर्दै आएको जनाए । बालमैत्री र व्यवहारिक विधि, हरेक दिन एक सिकाइमा बालमनोविज्ञानको आधारमा शिक्षण सिकाइमा जोड दिइएको उनले जानकारी दिए ।

मुल सामारोहमा विद्यालयले प्रदान गर्दै आएको विभिन्न छात्रवृत्तिबाट विद्यार्थीलाई सम्मान गरिएको थियो । ५० हजार नगद पुरस्कारसहित कक्षा १२ को परीक्षामा उत्कृष्ठ नतिजा ल्याउने रिजन पछाईसहित कक्षा १० को परीक्षामा उत्कृष्ठ ४ जीपीए ल्याउने विद्यार्थीलाई नगदसहित सम्मान गरिएको थियो ।

# प्रदर्शनीमा महिला उद्यमीका स्टलमा आकर्षण




बुटवल । बुटवलमा जारी औद्योगिक प्रदर्शनीमा महिला उद्यमीका स्टलहरुमा अवलोकनकर्ताको आकर्षण बढेको छ । पुस ३ गतेदेखि १७ गतेसम्म बुटवलमा आयोजना भएको १६औं राष्ट्रिय औद्योगिक प्रदर्शनी, कृषि, प्रविधि तथा पर्यटन महोत्सवको प्रदर्शनीभित्र करिब ४० प्रतिशत महिला उद्यमीहरुका स्टल रहेका छन् । प्रदर्शनीको सुरुवाती चरणबाटै ती स्टलहरुमा अवलोकनकर्ताले बढी चासो राखेका छन् ।

संघका उपाध्यक्ष तथा स्टल व्यवस्थापन तथा अनुगमन उप-समिति संयोजक हरिबहादुर खत्रीका अनुसार प्रदर्शनीमा करिब १५० वटा स्टल महिला उद्यमीहरुको रहेका छन् ।

महिला उद्यम तथा कृषि उपसमितिका संयोजक पार्वती गिरीका अनुसार प्रदर्शनीमा आउने अधिकांश अवलोकनकर्ताहरु महिला उद्यमीको उत्पादनमा ध्यान केन्द्रित गरेको र ती उत्पादनहरुको बिक्री वितरण पनि राम्रो रहेको बताउँछन् ।

'अरु स्टलहरुमाभन्दा महिला उद्यमहरुको स्टलमा पुग्नेहरुको भीड लागेको छ, हामीले ती उद्यमीहरुलाई विशेष प्रोत्साहन गरेर प्रदर्शनीमा राखेको अवस्था छ ।'-उनले भनिन् । घरेलु उत्पादन, सामूहिक उत्पादन, हस्तकला, संस्कृति संरक्षणलगायतका उत्पादनहरुलाई महिला उद्यमीहरुले प्रदर्शनीमा राखेका छन् ।

प्रदर्शनीमा प्रविधिबारे जानकारी दिने, उद्योगी र उपभोक्ताहरूको सोझो सम्पर्कको स्थापना गर्ने, उत्पादित वस्तुहरूको बजार प्रवर्धन र गुणात्मक प्रतिस्पर्धाको विकास गर्ने, उद्योगीहरूका बिचमा समस्या, अवसर र चुनौतीबारे अन्तरक्रिया गर्ने, सूचना र प्रविधिको विकास, विस्तार र आदानप्रदान गर्ने, पर्यटन क्षेत्रको विकास, सान्दर्भिक गोष्ठी, अन्तरक्रिया र कार्यशालाको आयोजना गर्ने, अवलोकनकर्ता र उपभोक्ताहरूको सुझावहरूको संकलन गरिने सहकोषाध्यक्ष राजु घिमिरेले बताए ।

रुपन्देही उद्योग संघ सबै उद्योगीको साझा मञ्च भए पनि प्रदर्शनीमा महिला उद्यमीहरुलाई प्रोत्साहन गर्नका लागि विशेष सहुलियत दिएको र सहभागी स्टलधनीहरु पनि खुसी भएको रुपन्देही उद्योग संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीले जनाए । उनले प्रदर्शनीमा सहभागी उद्यमीका समस्या, श्रमिकका कथा र उत्पादन प्रक्रियालाई सहभागीले विशेष चासो राखेको बताउँछन् ।

'समृद्ध नेपाल निर्माणको आधार, स्वदेशी उद्यमशीलताको विस्तार' भन्ने मूल नाराका साथ सुरु भएको प्रदर्शनीमा विभिन्न विधाका १० वटा पेभिलियनहरु निर्माण गरिएको छ । प्रदर्शनीमा ३९ जिल्लाबाट सहभागिता रहेको छ । यी सबै स्वदेशी उद्योगहरु मात्रै रहेको कोषाध्यक्ष विशाल बेलबासे बताउँछन् ।

स्वदेशी उत्पादनको प्रदर्शन र बजारीकरण गर्ने मुख्य उद्देश्यका साथ सञ्चालन हुने प्रदर्शनीमा ८ लाख दर्शकले अवलोकन गर्ने र ३० करोडको आर्थिक कारोबार हुने लक्ष्य राखिएको प्रबन्धक यादव भण्डारीले जानकारी दिए ।

प्रदर्शनीलाई मनोरञ्जनात्मक बनाउन लोकदोहोरी प्रतियोगिता, नेपालका ख्यातिप्राप्त आधुनिक गायक गायिका, हाँस्य कलाकार, ब्याण्डहरुको सांगीतिक कार्यक्रम, विद्यालयस्तरीय लोकनृत्य तथा वक्तृत्वकला प्रतियोगिता, प्रदर्शनी आइडल, भजन प्रतियोगितालगायतका प्रतियोगिताहरु रहेको सांस्कृतिक उप-समितिका संयोजक लालप्रसाद बस्यालले जानकारी दिए ।

प्रदर्शनीमा अर्जुन सापकोटा, पूर्णकला बिसी, रमेश भट्टराई, हेमन्त शर्मा, रामचन्द्र काफ्ले, बन्दना पाण्डेलगायतका कलाकारले आफ्नो प्रस्तुति देखाइसकेका छन् । प्रदर्शनीको प्रचारप्रसार संयोजक इं किरण खरेलले प्रदर्शनीमा भएका सबै गतिविधिलाई प्रविधिमार्फत् विभिन्न मिडिया तथा सामाजिक सञ्जालहरुबाट सार्वजनिक गरिरहेको जानकारी दिए ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको
लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com